मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २६१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज २३ गते बिहीबार ❑ 9 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## दुई पूर्व मन्त्रीसहित सात जनाविरुद्ध भ्रष्टाचारसम्बन्धी आरोपपत्र दायर

**रासस**
काठमाडौं, २२ असोज

अ ख्ति या र दुरुपयोग अनुसन्धान आयोगले घुस/रिसवत लिई भ्रष्टाचार गरेको अभियोगमा दुई पूर्व मन्त्रीसहित सात जनाविरुद्ध आरोपपत्र दायर गरेको छ।

आयोगले बुधबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालिन मन्त्री राजकुमार गुप्ता एवं भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका पूर्वमन्त्री रन्जिता श्रेष्ठसमेत सात जना उपर घुस/रिसवत लिई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर गरेको हो।

तत्कालिन मन्त्री गुप्ताले कास्की जिल्लास्थित मालपोत कार्यालयका तत्कालिन प्रमुख रामचन्द्र अधिकारीलाई सरुवा थमौतीका लागि घरजग्गा व्यवसायीसँग ५३ लाख रुपैयाँ लिएको र भूमि आयोगको सदस्य बनाउनका लागि २५ लाखको घुस डिल गरेको अडियोसमेतलाई अनुसन्धान गरेका आधारमा विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरिएको हो।

आयोगले तत्कालिन मन्त्री गुप्ताविरुद्ध रु ७८ लाख, पूर्वमन्त्री श्रेष्ठविरुद्ध रु ७८ लाख, मालपोत कार्यालय, कास्की, पोखराका तत्कालीन प्रमुख मालपोत अधिकृत रामचन्द्र अधिकारीविरुद्धरु५३लाख,घरजग्गा व्यवसायी/बिचौलिया प्रतिवादी सुजन लामा वा सुजनकुमार लामा भन्ने सुजनकुमार तामाङविरुद्ध रु ७८ लाख, प्रतिवादी खेम पुन भन्ने खमबहादुर पुनविरुद्ध रु २५ लाख, प्रतिवादी यामकुमारी गुरुङविरुद्ध रु ७८ लाख, प्रतिवादी तुल्सीराम बुढा मगरविरुद्ध रु ७८ लाख विगोसहित कसुर तथा सजायको मागदाबी गर्दै मुद्दा दायर गरेको हो।

## जेनजी आन्दोलनको क्रममा नीजि क्षेत्रमा पुगेको क्षति दोषीबाट उपर गर्न माग

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज




जेनजी आन्दोलनको क्रममा पोखरामा भएको तोडफोड र आगजनीले निजी क्षेत्रमा समेत ठुलो क्षति पुगेकोले व्यवसायीहरुले संकटलाई संकल्पमा बदल्दै सरकार र राज्य संयन्त्रलाई ठोस कदम चाल्न आग्रह गर्नु भएको छ।

पोखरा उद्योग वाणिज्य संघले बुधबार आयोजना गरेको अन्तर्क्रियामा जेनजी आन्दोलनबाट प्रभावित भएका व्यवसायीहरूदेखि जेनजी आन्दोलनको नाममा भएको विध्वंस मच्चाउने उपर बिना शर्त कारबाही गर्नुपर्ने जोडदार माग गर्नु भएको छ। व्यवसायीहरुले एकै स्वरमा भन्नुभयो "शान्तिपूर्ण आन्दोलन अधिकार हो, तर त्यसकै नाममा भएको विध्वंस अपराध हो, जसलाई बिनाशर्त कारबाही गर्नुपर्छ, हामी उच्च मनोवलका साथ माथि उठ्ने प्रयासमा राज्यले सुरक्षाको पूर्ण प्रत्याभुति गर्नुपर्‍यो।" व्यवसायीहरुले आफुहरु अपराधी नभई रोजगारी सिर्जनाकर्ता भएको जनाउनु भयो। नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले बिना कारण उद्योगी-व्यवसायीमाथि आक्रमण हुनु लोकतान्त्रिक संस्कृति विपरीत भएको बताउनुभयो। उहाँले भन्नुभयो, "लुटपाट र आगजनीमा संलग्नलाई कारबाही नगरेसम्म दण्डहीनता बढ्छ, व्यवसाय रोजगारी दिने क्षेत्र हो, अपराध गर्ने होइन भन्ने सन्देश दिनुपर्ने बेला आएको छ।"

पोखराका युवा व्यवसायी प्रतीक पहारीले आफ्नै होटल जलाइएपछि भोगेको पीडा सुनाउँदै भावुक हुनुभयो। उहाँले भन्नुभयो "विदेश नगई स्वदेशमै केही गर्छु भनेर लागेको थिएँ, तर जेनजीका नाममा मेरो सपना जलाईदिए, तर परिवार र स्टाफ सुरक्षित छन्, अझै आत्मबल बाँकी छ, संकटलाई संकल्पमा बदल्छु।" पोखरा पर्यटन परिषदका वरिष्ठ उपाध्यक्ष हरि भुजेलले पर्यटनमा प्रत्यक्ष नकारात्मक प्रभाव परेको बताउनु भयो। उहाँले भन्नुभयो "होटल जल्दा हामी टुलुटुलु हेर्न बाध्य भयौं, तर त्यसले सम्पूर्ण क्षेत्रलाई जलाएको छ, अन्तर ाष्ट्रिय जगतमा नकारात्मक सन्देश गएको छ, सरकारले तत्काल राहत प्याकेज घोषणा गर्नुपर्छ।" नेकपा (माओवादी केन्द्र) कास्कीका संयोजक विश्वप्रकाश लामिछानेले पनि निजी क्षेत्रको मागलाई समर्थन जनाउँदै जेनजी आन्दोलनलाई लत्माएर विध्वंस मच्चाउनेलाई कारबाही हुनु पर्ने माग गर्नुभयो।पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की, लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली र होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी लगायतले दोषी पहिचान गरी कारबाही गर्न माग सहित क्षतिपूर्ति उहाँहरुबाटै भराउन माग गर्नुभयो।

## पोखराको पर्यटन क्षेत्रमा भएका क्षतिको प्रारम्भिक प्रतिवेदन प्रस्तुत

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज

पोखरा पर्यटन परिषद्ले पोखराको पर्यटन क्षेत्रमा भएका क्षतिको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेको छ।

परिषद्का अध्यक्ष तारानाथ पहारी नेतृत्वमा पर्यटन सम्बद्ध संघसंस्थाका प्रतिनिधिसहितको टोलीले गण्डकी प्रदेशका पर्यटनमन्त्री मित्रलाल बस्यालसमक्ष जेनजी आन्दोलनका क्रममा पर्यटन क्षेत्रमा भएका क्षतिको प्रारम्भिक प्रतिवेदन बुझाएको हो। प्रतिवेदनमा पोखराका विभिन्न १० वटा होटेल तथा व्यावसायिक संस्थामा ठूलो क्षति भएको उल्लेख गरिएको छ। प्रतिवेदनअनुसार पोखराको होटल सरोबरमा रु एक अर्ब, बगैंचा रिसोर्टमा ४० करोड, होटेल गुडविलमा २० करोड, पोखरा इभेन्ट सेन्टरमा १९.५ करोड, अङ्शुभरा कम्लेक्समा रहेका पसल तथा व्यवसायमा रु आठ करोड, बरपीपल रिसोर्टमा तीन करोड र होटल एडम प्रालिमा एक करोड क्षति भएको अनुमान गरिएको छ।

त्यस्तै, होटेल ल्याण्डमार्कमा रु २५ लाख, सामुदायिक सेवा केन्द्र बैदाममा १२ लाख, मन्त्र थकालीमा पाँच लाखको क्षति भएको अनुमान गरिएको छ। उक्त क्रममा उक्त संस्थामा जोडिएका विभिन्न कार्यालय, बैंकका साथै कतिपय होटेलमा स्वदेशी एवं विदेशी पर्यटकका सामानमा पनि क्षति भएको परिषद्ले जनाएको छ। पर्यटकीय यामको सुरुआतकै समयमा भएको आन्दोलन एवं आगामी फागुन २१ गते घोषणा गरिएको निर्वाचनका कारण समग्र पर्यटन क्षेत्रमा परेको असर आउँदो पर्यटकीय याममासमेत पर्ने देखिएको भन्दै परिषद्ले यस विषयमा संवेदनशील भई व्यवसायी बचाउनका लागि अनुरोध गरेको छ। "विगतमा पनि कोभिड-१९ ले आक्रान्त बनाउँदा गण्डकी प्रदेश सरकारले बिनाब्याज रू १५ लाख बराबरको व्यवसायी जीवनरक्षा कर्जा उपलब्ध गराई व्यवसायीलाई राहत प्रदान गरेको थियो", परिषद्ले प्रतिवेदनमा भनेको छ, "वर्तमान परिप्रेक्ष्यमासमेत अविलम्ब व्यवसायी जीवन रक्षा कर्जा उपलब्ध गराई पर्यटन व्यवसाय बचाउनका लागि हार्दिक अनुरोध गर्दछौं।" समस्याको दीर्घकालीन समाधान गर्ने र पीडित पर्यटन व्यवसायीलाई उचित क्षतिपूर्ति दिलाउने तर्फ गण्डकी प्रदेश सरकार तथा सम्बन्धित निकायले आवश्यक पहलकदमी लिइ तत्काल समस्याको समाधान गर्नका लागि आग्रह गरिएको छ। भेटका क्रममा पर्यटन व्यवसायीले पर्यटन क्षेत्रको पुनःउत्थानका लागि पर्यटन मन्त्रालय अन्तर्गतका पूर्वाधारतर्फबाट बजेटलाई कटौती गर्दै प्रवर्द्धनका क्षेत्रमा लगाउन आग्रह गरिएको छ। त्यस्तै टुक्रे योजनाका बजेटसमेत कटौती गरी पर्यटन क्षेत्रमा नै लगानी गर्न पनि आग्रह गरिएको परिषद्का महासचिव जीवन सापकोटाले जानकारी दिनुभयो।

## मुख्यमन्त्री पाण्डेद्वारा क्षतिग्रस्त सरकारी कार्यालयको निरीक्षण

**पोखरापत्र संवाददाता**
दमौली, २२ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जेनजी आन्दोलनका क्रममा आगजनी र तोडफोड भएका तनहुँका सरकारी कार्यालयको बुधबार निरीक्षण गर्नुभएको छ। गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा आगजनी भएका विभिन्न कार्यालयको मुख्यमन्त्री पाण्डेले निरीक्षण गर्नुभएको हो।

मुख्यमन्त्री पाण्डेले जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला समन्वय समितिको कार्यालयको निरीक्षण गर्दै क्षतिको विवरणबारे चासो राख्नुभएको थियो।

त्यसक्रममा मुख्यमन्त्री पाण्डेले कार्यालयबाट हाल भइरहेका सेवाप्रवाहका बारेमा जानकारी लिनुभएको छ। त्यसक्रममा मुख्यमन्त्री पाण्डेले जिल्ला प्रशासन कार्यालयका विभिन्न कक्ष, प्रमुख जिल्ला अधिकारीको निवास, अदालतका इजलास, विभिन्न कक्षहरूको निरीक्षण गर्नुभएको छ। उहाँले आन्दोलनबाट गण्डकी प्रदेशका धेरै जिल्लामा क्षति पुगेको बताउँदै वैकल्पिक व्यवस्थाका माध्यमबाट जनतालाई सहज रुपमा सेवा प्रवाह गर्न आग्रह गर्नुभयो। जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले हाल कार्यालयबाट नयाँ नागरिकता र प्रतिलिपिको काम सुरु गरिसकेको जानकारी दिनुभयो। आगजनी र तोडफोडबाट प्रशासन कार्यालयको भवन पुनः प्रयोग गर्न असुरक्षित रहेकाले अन्य कार्यालयमा व्यवस्थापन गरेर कार्यालयको सेवा सञ्चालन गर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले केही कार्यालय हेरेर प्रशासन कार्यालय स्थानान्तरण गर्ने विषयमा पनि हेर्‍यौ, हालको कृषि ज्ञान केन्द्र अन्यभन्दा उपयुक्त देखिएको छ।"निरीक्षणका क्रममा गण्डकी प्रदेशसभा सदस्य अशोककुमार श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपाने, सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मी, प्रहरी उपरीक्षक टेकबहादुर कार्कीलगायत उपस्थित हुनुहुन्थ्यो।

## सडक अलपत्र पार्ने ठेकेदारको जमानत जफत

**पोखरापत्र संवाददाता**
पर्वत, २२ असोज

पटक-पटक म्याद थप गर्दापनि पाँच वर्षसम्म सडक आयोजना सम्पन्न नगर्ने ठेकेदारको जमानत जफत गरिएको छ।

पर्वतको महाशिला गाउँपालिकामा निर्माणाधिन लुंखुदेउराली-मिलनचोक- बालाकोट-होश्राङ्दी सडक निर्माणको जिम्मा पाएको पिआर/ओमबुद्ध जेभी बसुन्धरा काठमाडौंको मोबिलाइजेशन पेस्की वापतको बैंक जमानत पूर्वाधार विकास कार्यालय पर्वतले जफत गरी असुल गरेको हो। १८ महिनाभित्र काम सम्पन्न गर्नेगरी विसं २०७८ जेठ १८ गते सम्झौता भएको सडक विसं २०७९ फागुन १७ गते सम्पन्न गर्नुपर्ने भएपनि निर्माण व्यावसायिले सडक चक्ल्याउने बाहेक अन्य काम गरेको थिएन। पटक पटक म्याद थप गरी विसं २०८१ चैत २९ गतेसम्मको समय दिँदापनि काममा नफर्किएपछि जमानत नै जफत गर्नुपरेको पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख सन्तोष अर्यालले जानकारी दिनुभयो।

कूल रु ११ करोड २२ लाख ६६ हजारको लागतमा निर्माण हुने झण्डै छ किलोमिटर लामो सडकको निर्धारित समयसम्म ३५ प्रतिशत मात्र भौतिक प्रगति भएको थियो भने वित्तीय प्रगति समेत ३५ प्रतिशत नै भएको थियो।

पटक-पटक काममा फर्किन मौखिक र लिखित रुपमा पत्राचार गरिएको भएपनि निर्माण व्यवसायील आनाकानी गरेपछि अब ठेक्का नै तोड्ने तायारी भएको छ। सडक निर्माण सुरु गरेर निर्माण व्यवसायी नै सम्पर्कबिहीन भएपछि उक्त सडक झनै अस्तव्यस्त बनेको छ। अहिले यो सडकमा सवारी साधन सञ्चालन गर्न निकै सास्ती रहेको महाशिला गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताउनुभयो। निर्माण सुरु भएपछि निर्माण व्यावसायीले रु चार करोड १३ लाख भुक्तानी लगेको थियो। जमानत जफत भएपछि पनि निर्माण व्यावसायी सम्पर्कमा नआएकोले अन्य कारबाही प्रकृया समेत अघि बढाउन थालिएको छ।

निर्माण ब्यावसायीले नाली व्यवस्थापन नगरी भत्काएर मात्र छाडेका कारण वडा नं. ५ को काफलडाँडामा रहेको गाउँपालिकाको कार्यालय, वालाकोट र होश्राङदीका बासिन्दालाई दैनिक आउजाउ गर्न समस्या भएको अध्यक्ष भुसालले बताउनुभयो। गण्डकी प्रदेश सरकारको रणनीतिक सडक आयोजनाअन्तर्गतको यो सडक अलपत्र पार्ने ठेकेदार कम्पनीलाई कारबाही गर्नुपर्ने स्थानीयवासीको गुनासो रहेको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकी र लुम्बिनीको सिमानामा महामेला धर्मोत्सव

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २२ असोज

दुई प्रदेशलाई साथ लिएर बगेको कालीगण्डकी नदी किनारमा एक महिने 'उत्तर गण्डकी महामेला दामोदर धर्मोत्सव–२०८२' संचालन गरिएको छ।

गण्डकी र लुम्बिनी प्रदेशको सिमानामा पर्ने उत्तरबाहिनी क्षेत्रमा कालीगण्डकीको महिमालाई विश्वभर चिनाउने उदेश्यले धार्मिक महामेला धर्मोत्सव गरिएको हो । असोज २१ गतेबाट शुभारम्भ गरिएको महामेला धर्मोत्सव कार्तिक १९ गतेसम्म संचालन हुने आयोजकले जनाएको छ । बिशेषगरी नदीहरु उत्तरप्रवाह हुने दुर्लभ मानिन्छ भने धार्मिक र बैज्ञानिक दृष्टिकोणले यस्ता नदीहरु महत्वपुर्ण मानिन्छ।

धार्मिक रुपमा महत्वपुर्ण मानिएको उत्तरबाहिनी क्षेत्रलाई विश्वभर चिनाउन यहाँ स्थापित कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानले महामेला धर्मोत्सवको आयोजना गरेको हो। स्याङ्जाको गल्याङ नगरपालिका-१, मालुङ्गा र पाल्पाको रम्भा गाउँपालिका-१ असेर्दीको संगमस्थल उत्तरवाहिनी क्षेत्र (कालीगण्डकी तट)मा महामेला शुरु गरिएको प्रतिष्ठानका अध्यक्ष चैतन्य कृष्णले बताए । धार्मिक रुपले निकै पवित्र मानिने




र एकमात्र शालग्राम पाइने कालीगण्डकी नदी त्यसमा पनि उत्तरतर्फ बगेको क्षेत्र भएकाले झनै पवित्र हुनेहुँदा यसको प्रचारप्रसारमा सहयागी भुमिका खेल्ने उदेश्यले एक महिने 'उत्तर गण्डकीमहामेलादामोदरधर्मोत्सव–२०८२' संचालन गरिएको अध्यक्ष चैतन्य कृष्णले बताए।

यहाँ प्राकृतिकरुपमा ॐ लेखिएको चक्रशिलाको दर्शन, साढे तीन किलोमिटरको दूरीसम्म उत्तर तर्फ भएर बहेकी कालीगण्डकीमा स्नान, २० फिट अग्लो भगवान शिवको शालिकको दर्शनकासाथै कालीगण्डकीकै जलको १ सय ८ धारामा नुहाउनेलगायतको व्यवस्था मिलाइएको छ। १८ पूराण, सहस्र चण्डीपाठ अनुष्ठानको सुन्दर अवसर एवम् सवालाख शालग्रामको दर्शन गर्न पाइने भएकाले पनि महामेलामा सहभागी हुनुले ठूलो अर्थ राख्ने आयोजकको भनाई छ । स्याङ्जा र पाल्पाको मात्रै नभएर दुवै प्रदेशका लागि यो क्षेत्र एक ऐतिहासिक तीर्थस्थल बन्ने सोच लिएर उत्तरवाहिनी क्षेत्रको धार्मिक विकासमा दीर्घकालीन हुने विश्वास लिएर महामेलाको आयोजना गरिएको ज्ञान विज्ञान प्रतिष्ठानका संरक्षक शंकरप्रसाद पाण्डेले बताए।

महामेलाले सनातन धर्म, संस्कार र संस्कृति संरक्षण गर्ने र नदीलाई स्वच्छन्द प्रदान गर्ने विश्वास आयोजकको छ। यो धार्मिक मेलामा झण्डै एक करोड खर्च हुने अनुमान गरिएको छ । महामेलाको गल्याङ नगर प्रमुख गुरुप्रसाद भट्टराईले शुभारम्भ गरेका थिए । गल्याङ्को पहिचानको रुपमा रहेको उत्तरबाहिनी क्षेत्रलाई यो धर्मोत्सवले फरक धार्मिक क्षेत्र बनाउनेमा विश्वास व्यक्त गरे । धर्मोत्सवका लागि हरिद्वार लगायतका नेपाल र भारतका विभिन्न स्थानहरूबाट प्रशिद्ध सन्तगुरुहरू कालीगण्डकी तटमा आइपुग्ने र सहभागी हुने भक्तजनहरूलाई देवघाट, रुरुक्षेत्र, सेतीवेणी शीला, मुक्तिनाथ लगायतका तीर्थस्थल दर्शनको व्यवस्था मिलाइएको आयोजकले जनाएको छ।

शास्त्रमा उत्तरतर्फ फर्केको नदीलाई सर्वतीर्थ भनिन्छ। कालीगण्डकी उत्तर भएर बगेकी हुनाले यसक्षेत्रलाई उत्तरवाहिनी भनिएको हो । जहाँ ब्रह्ममयी गङ्गा नदी उत्तरवाहिनी मूर्ती भएर विद्यमान हुन्छिन्, त्यहाँ उनको दर्शन गर्दा, स्नान गर्दा र प्रणाम गर्दा समस्त पापहरूको नाश हुन्छ, भन्ने विश्वास गरिएको छ। राष्ट्रिय लोकभजन प्रतियोगिता, राष्ट्रिय वतृत्वकला प्रतियोगिता, धार्मिक तथा सांस्कृतिक हाजिरीजवाफ, निबन्ध लेखन, कविता प्रतियोगिता सञ्चालन गरीने प्रतिष्ठानले जनाएको छ । एक पटक पुग्नै पर्ने सन्देश दिन आयोजना गरिएको महामेलामा सहभागी हुन स्याङ्जा र पाल्पा दुवै जिल्लाबाट पुग्न सकिने छ।



पुनहिलमा पर्यटकको चहलपहल : पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ पुनहिलमा बुधबार बिहान देखिएको स्वदेशी तथा विदेशी पर्यटकको चहलपहल। तस्बिरः राम थापा/रासस

# गाईपालनबाट मनग्य आम्दानी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २२ असोज

गल्याङ नगरपालिका-१ मालुङ्गाका ईश्वर बस्यालले व्यावसायिक रुपमा गाईपालन गर्नुभएको छ वर्ष भयो।

छ वर्षअघि 'विन्दवासिनी कृषि तथा पशुपालन फार्म' दर्ता गरी व्यवसाय थाल्नुभएका बस्यालले गाईपालनबाट मनग्य आम्दानी गर्न सफल हुनुभएको हो । सुरुमा रु ५० लाख लगानी गरी व्यवसाय थाल्नुभएका बस्यालले फार्मलाई विस्तार गर्दै लैजानुभएको छ। उहाँले सुरुमा रु ५० लाखको लगानीमा केही संरचनासहित गाई र भैँसी गरी २० वटाबाट थाल्नुभएको व्यवसायलाई बर्सेनि विस्तार गर्दै लैजानुभएको हो।

"भैँसी र होलिस्टिन गरी २० वटा गाईभैँसीपालनबाट थालेको व्यवसाय बर्सेनि विस्तार गर्दै लगेको छु", उहाँले भन्नुभयो, "हालसम्म आइपुग्दा फार्ममा ४४ गाईभैँसी छन् भने झण्डै रु डेढ करोड लगानी



भएको छ ।" फार्मबाट भएको आम्दानीलाई बर्सेनि लगानी गर्दै गइरहेकाले अझै केही वर्ष लगानीलाई निरन्तरता दिने उहाँले बताउनुभयो। अहिले गाईभैँसीमध्ये २७ वटा दुहुना छन् भने बाँकी ब्याउने छन्। आफ्नै जग्गामा फार्म सञ्चालन गर्नुभएका बस्यालले झण्डै १०० रोपनी जमिन भाडामा लिएर गाईभैँसीका लागि आवश्यक पर्ने नेपियर, जै, वर्सिमलगायतका घाँस लगाउनुभएको छ। "फार्मबाट अहिले दैनिक २५० देखि ३०० लिटर दूध बिक्री हुने गरेको छ", उहाँले भन्नुभयो, "फामबाट प्रतिलिटर रु ६५ देखि ७० का दरले दूध बिक्री भइरहेको छ ।" बस्यालको फार्ममा उत्पादित दूध गल्याङस्थित साना किसान कृषि सहकारी संस्थामा बिक्री गर्दै आउनुभएको छ।

फामबाट बिक्री भएको दूधमा प्रतिलिटर गल्याङ नगरपालिकाले रु १५ थप अनुदान उपलब्ध गराउने भएकाले पनि सहजरुपमा मूल्य प्राप्त भएको उहाँले बताउनुभयो।

"यहाँ जति मात्रामा दूध उत्पादन गरे पनि बजारको कुनै समस्या छैन", उहाँले भन्नुभयो, "उत्पादित दूध सहकारीमार्फत बिक्री हुने गरेको छ, त्यसबाट रु १५ का दरले प्रतिलिटर अनुदानले थप प्रोत्साहन पुगेको छ ।" फार्ममा हाल आठ जनाले प्रत्यक्ष रोजगारीसमेत पाएका छन् । फार्मलाई थप व्यवस्थित गर्दै गाईभैँसी थप गर्ने र संरचना विस्तार गर्दै लैजाने योजनामा उहाँ हुनुहुन्छ।

"केही समय वैदेशिक रोजगारीपछि स्वदेश फर्केपछि बजार राम्रो देखेर पशुपालन व्यवसाय थालेको हुँ", उहाँले भन्नुभयो, "काम गर्दै जाँदा सिकाइ हुँदै गएको छ, अनुभव सँगाल्दै गएको छु, व्यवसाय राम्रै छ।" फार्मसम्म विद्युत्को तार आए पनि आवश्यक मात्रामा पावर नआएकाले हातैबाट दुहुनुपरेको उहाँले बताउनुभयो । मेसिन ल्याएर राखिएको तर पावरको कमीका कारण मेसिन सञ्चालनमा समस्या रहेको उहाँले बताउनुभयो।

# कास्कीको भदौरे देउरालीमा एम्बुलेन्स हस्तान्तरण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज

कास्कीको अन्नपूर्ण गाउँपालिका-४ भदौरे देउरालीमा अष्ट्रेलियाली संस्था वाइल्डर्नेस कम्युनिटीको सहयोगमा अत्याधुनिक एम्बुलेन्स सेवा गाउँपालिकालाई हस्तान्तरण गरिएको छ।

करिब २६ लाख रुपैयाँ बराबरको उक्त एम्बुलेन्स सञ्चालनमा आएसँगै अन्नपूर्ण गाउँपालिकाका करिब १५ हजार स्थानीयवासी प्रत्यक्ष लाभान्वित हुने अपेक्षा गरिएको छ । दुर्गम बस्तीमा आकस्मिक उपचारका लागि घण्टौँ पैदल वा निजी सवारीको भर पर्नुपर्ने अवस्था हट्दै अब समयमै उपचार उपलब्ध हुने विश्वास गरिएको छ । भदौरे माध्यमिक विद्यालय परिसरमा सोमबार आयोजित कार्यक्रममा अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले वाइल्डर्नेस कम्युनिटीप्रति आभार व्यक्त गर्दै उक्त एम्बुलेन्स सेवाले गाउँको स्वास्थ्य क्षेत्रमा धेरै सहज हुने विश्वास व्यक्त गर्नुभयो । यसको सञ्चालन र मर्मत खर्च गाउँपालिकाले नै व्यहोर्ने उहाँले जनाउनुभयो।

सो संस्थासँग भविष्यमा फोहर व्यवस्थापन, सरसफाइ र स्वास्थ्य विस्तारमा थप सहकार्य गर्ने अध्यक्ष केसीले प्रतिबद्धता जनाउनु भयो । विशेषगरी हालै सञ्चालनमा आएको अन्नपूर्ण आधारभूत अस्पतालका लागि



एक्सरे मेसिन जस्ता उपकरण स्थापना गर्ने योजनामा पनि वाइल्डर्नेस कम्युनिटीसँग सहकार्य गरिने उहाँले जनाउनुभयो । वाइल्डर्नेस कम्युनिटीकी प्रमुख डा. श्याली नब्सले एम्बुलेन्स हस्तान्तरण गर्दै भनिन्, "हामीले यो एम्बुलेन्स सहयोग मात्र होइन, आत्मीय सम्बन्धको प्रतीकको रूपमा दिएका हौं, यसले धेरै ग्रामीणको जीवन बचाउनेछ।"

उहाँका अनुसार संस्था सन् १९९८ देखि शिक्षा, स्वास्थ्य र सरसफाइ क्षेत्रमा सक्रिय छ भने २००५ यता महिला शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकता दिँदै आएको छ। संस्थाले हालसम्म सयौँ विद्यार्थीलाई निःशुल्क पढाइ, विपन्न बालबालिकालाई छात्रावास सुविधा र हरेक वर्ष १०० अष्ट्रेलियन डलर बराबरको छात्रवृत्ति प्रदान गर्दै आएको छ । विद्यालयका पूर्वप्रधानाध्यापक रामप्रसाद पौडेलले यो सहयोगलाई "गाउँको आशा र सहकार्यको प्रतीक" का रुपमा आफुहरुले लिएको जनाउनु भयो । एम्बुलेन्सलाई आपतकालीन उद्धार, नियमित स्वास्थ्य शिविर र विद्यालय स्वास्थ्य परीक्षणमा प्रयोग गरिने गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ऋषि पौडेलले जनाउनु भयो । उहाँले भन्नुयो "यो अब गाडी होइन, जीवनरक्षाको साधन हो।"

समारोह वडाध्यक्ष आइन्दल गुरुङको अध्यक्षतामा सम्पन्न भएको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जीवन गुरुङ, प्रधानाध्यापक सिद्धिराज सुवेदी, कार्यक्रममा स्थानीय जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, महिला समूह, बासिन्दा र अष्ट्रेलियाली अतिथिहरू सहभागी रहेको थियो । कार्यक्रममा विद्यार्थीहरूले राष्ट्रिय गानसहित स्वागत नृत्य प्रस्तुत गर्नु भएको थियो।


## मुटुलाई माया गरौं ।

मुटुलाई स्वस्थ राख्नः

- नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
- नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाओं,
- धूम्रपान र मद्यपान नगरौं,
- ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
- पर्याप्त मात्रामा सुतौं,
- सक्रिय जिवनशैली अवलम्बन गरौं,

मुटुको नियमित परीक्षण गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड


# रोटरियनको 'शान्ति सन्देश' र्‍याली पोखरामा

**पोखरापत्र संवाददाता**
गण्डकी, २२ असोज

मुलुकमा शान्ति, सद्भाव र अहिंसात्मक समाज निर्माणको कामना गर्दै कास्कीका रोटरियनहरूले बुधबार पोखरामा 'शान्ति सन्देश'सहित मौन र्‍याली प्रदर्शन गर्नु भएको छ।

कास्कीका ११ रोटरी क्लबहरूको संयुक्त आयोजनामा सहिदचोकदेखि भएको र्‍यालीमा रोटरियन, रोट्र्याक्ट र इन्टरयाक्ट सदस्यहरू सहभागी हुनु भएको र्‍यालीमा सहभागि शोभाकान्त सिग्देलले बताउनुभयो । उहाँहरुले 'हाम्रो चाहना, शान्तिको कामना', 'रोटरीसँगै शान्तिको यात्रा', 'हिंसारहित समाजको निर्माण गरौं', 'सुन्दर शान्त नेपाल, आशाको आँगन' जस्ता सन्देश अंकित ब्यानर र प्लेकार्ड बोकेर समाजमा शान्तिको सन्देश फैलाउनु भएको थियो । रोटरी क्लब अफ पोखरा फिस्टेलकी अध्यक्ष तथा कार्यक्रम संयोजक कमला गिरीका अनुसार पछिल्ला दिनमा देशभरि भइरहेका हिंसात्मक घटनाले आमनागरिकमा त्रास फैलाएको सन्दर्भमा "यस्ता घटना दोहोरिन नदिन शान्तिको चाहनासहित रोटरीले यो अभियान थालेको" बताउनु हुन्छ । त्यस्तै, रोटरीका डिष्ट्रिक्ट सेक्रेटरी सुभाष सिग्देलले, "हाम्रो कुनै व्यक्तिगत माग छैन, एउटै चाहना हो– समाजमा स्थायी शान्ति कायम होस् । सरकार जिम्मेवार भई शान्तिलाई दिगो बनाउन लाग्नुपर्छ," भन्दै सबैलाई सहकार्यको आग्रह गर्नुभयो । र्‍यालीपछि रोटरी क्लबहरूले कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई ज्ञापनपत्र बुझाउनु भएको छ । ज्ञापनपत्रमा शान्ति र सद्भावलाई प्राथमिकता दिने, प्रशासनले सुरक्षाका लागि लिएका प्रयासलाई निरन्तरता दिने, युवालाई सकारात्मक दिशातर्फ प्रेरित गर्ने, र स्थानीय तह, सेवा संस्था तथा नागरिक समाजसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने जस्ता बुँदा समावेश गरिएको छ । ज्ञापनपत्र ग्रहण गर्दै प्रमुख जिल्ला अधिकारी शर्माले नागरिकस्तरबाट शान्तिको पक्षमा गरिएको अभियान प्रशंसनीय भएको बताउँदै, "यस्ता सकारात्मक पहलले समाजलाई सही दिशातर्फ डोर्याउँछ" भन्ने धारणा व्यक्त गर्नुभयो। कार्यक्रममा रोटरी क्लब अफ पोखरा, पोखरा अन्नपूर्ण, पोखरा मिडटाउन, पोखरा न्यूरोड, पोखरा लेकसाइड, पोखरा लेखनाथ, पोखरा गण्डकी, पोखरा क्यापिटल, पोखरा प्याराडाइज, पोखरा भ्याली सहित रोट्र्याक्ट र इन्टरयाक्ट क्लबहरूको उल्लेख्य सहभागिता रहेको थियो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव धिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ।
- विदुरनीति

## सम्पादकीय

# निर्वाचनमा जाने वातावरण बनाउ

फागुन २१ गते निर्वाचनको घोषणापछि निर्वाचन आयोगले दलहरूलाई छलफलमा बोलाएको छ । जेनजी आन्दोलनबाट बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले निर्वाचन गराउने मुख्य जिम्मेवारी हो।छ महिनमा निर्वाचन हुनेमा सरकारकै कारणले विश्वासको वातावरण बनेको छैन। सरकारले दलहरूसँग संवाद गरेको छैन । प्रतिशोधको भावना राखेर काम गरेको दलहरूको आरोप छ। आन्दोलनकारीले उठाएका माग र सरकारले पाएको म्यान्डेटबारेमा बुझाइमा एकरुपता छैन। आन्दोलनकारीको माग संसद् विघटन हो। त्यही माग पूरा गर्न निर्वाचन मिति तोक्नु अनिवार्य थियो नै। संसद् विघटन भएको निर्वाचनका लागि हो।

निर्वाचनमा भाग लिने नवयुवाको माग भन्दा मन्त्री कस्लाई बनाउनेमा समय धेरै खर्च भयो। साबिक कानुनी व्यवस्थाअनुसार निर्वाचन घोषणा भएपछि मतदाता नामावली संकलन रोकिन्थ्यो। यसको असर के भने जुन जेन-जीले आन्दोलन गरे, त्यही उमेरसमूह निर्वाचनमा मतदान गर्न वञ्चित हुन्थ्यो त्यसैलाई मध्यनजर गरी सरकारले अध्यादेशमार्फत मतदाता नामावली संकलनसम्बन्धी कानुनी प्रबन्धमा संशोधन गरेको छ। अहिले मतदाता नामावलीमा नाम दर्ता गर्ने काम शुरु भएको छ।

निर्वाचन भनेको फगत उम्मेदवार उठ्ने र कसैले जित्ने प्रक्रियामात्रै होइन। यो त सहभागिताको पनि माध्यम हो। शासन सत्तामा आफ्ना प्रतिनिधि पठाउने प्रक्रियामा सामेल हुन पाउने प्रत्येक बालिग नागरिकको हक हो। अर्थात् मतदानको अधिकार सबै योग्य नागरिकलाई हुनुपर्छ। जारी अध्यादेशले १८ वर्ष पुगेका युवाहरूलाई मतदानको अधिकार दिएको छ। यो स्वागतयोग्य कदम हो। यसले लोकतन्त्रमा युवा सहभागिता बढाउँछ। राजनीतिप्रति युवाको ठूलो वितृष्णा थियो। उनीहरू पुरानो राजनीतिक शैलीबाट वाक्कदिक्क थिए। जेन-जी आन्दोलनले युवालाई राजनीतिप्रति आकृष्ट पनि गऱ्यो। तसर्थ त्यो उमेर समूहलाई जुनकुनै हालतमा मतदानमा सहभागी गराउनुपर्ने नै थियो। अब कात्तिकको मध्यसम्म मतदाता नामवलीमा युवा समेटिन सक्ने भएका छन् र फागुन २० गतेसम्म १८ वर्ष पुग्ने नेपालीलाई मतदानको अधिकार हुनेछ।

यो अध्यादेशले नयाँ मतदाताहरूको ठूलो संख्यालाई समेट्छ। यसले निर्वाचन परिणाममा पनि प्रभाव पार्न सक्छ। युवा मतदाताहरूले नयाँ सोच र दृष्टिकोण ल्याउन सक्छन्। उनीहरूले परम्परागत राजनीतिक दलहरूलाई चुनौती दिन सक्छन्। यसले नयाँ राजनीतिक शक्तिहरूको उदयलाई पनि बढावा दिन सक्छ। युवाको सहभागिताले लोकतन्त्रलाई अझ जीवन्त बनाउँछ। अध्यादेशमार्फत कानुन संशोधन गर्नु संसदीय प्रक्रियाको अवमूल्यन हो। संसदीय अधिवेशन नभएको बेला अध्यादेश ल्याउनु सामान्य हो। तर, यसलाई दीर्घकालीन समाधान मान्न सकिँदैन। यो केवल यसपालिको बाधा अड्काउ फुकाउको औजारमात्रै हो। विदेशमा रहेका नेपालीलाई मताधिकार दिने विषयमा अध्यादेश मौन छ। यो ठूलो कमजोरी हो। लाखौं नेपाली युवाहरू विदेशमा छन्। उनीहरूले देशको अर्थतन्त्रमा ठूलो योगदान दिएका छन्। उनीहरूलाई मताधिकारबाट वञ्चित गर्नु न्यायोचित होइन।

रुस, भारत, फिलिपिन्सजस्ता देशले प्रवासी नागरिकहरूलाई मताधिकार दिएका छन्। नेपालले पनि यो अभ्यास अपनाउनुपर्छ। अब निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्छ। नयाँ मतदाताहरूलाई मतदान प्रक्रियाबारे जानकारी दिनुपर्छ। यसले गलत सूचना र भ्रमबाट बच्न मद्दत गर्छ। यो अध्यादेशले लोकतन्त्रको दायरा फराकिलो बनाएको छ। यसले युवा सहभागितालाई बढावा दिएको छ। तर, यसलाई पूर्ण बनाउन अझै धेरै काम गर्न बाँकी छ। सरकार, निर्वाचन आयोग र राजनीतिक दलहरूले सहकार्य गर्नुपर्छ। युवाहरूको आवाजलाई सधैं सुन्नुपर्छ। लोकतन्त्रलाई बलियो बनाउन सबै नागरिकको सहभागिता अनिवार्य छ। जेनजीले पनि सबै उमेर समुह छन भन्ने सोचेर आफ्ना गतिविधि बढाउन सके सबैलाई निर्वाचनमा होमिन दबाब पुग्नेछ।

# गुर्जाघाटमा सोलार प्यानलबाट 'चार्जिङ स्टेसन'

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ भाद्र

तमानखोलाका जुर्गाघाटबासीले अब लेकमै पनि सोलारबाट मोबाइल फोन चार्ज गर्न पाउने भएका छन्।

करिब दुई सय अस्थायी र पाँच घर स्थायी बसोबास रहेको तमानखोला गाउँपालिका-१ र २ मा पर्ने गुर्जाघाटका स्थानीयको घरमा अहिलेसम्म बिजुली पुगेको छैन्। यहाँका स्थानीय अहिले पनि धुपीको दियालोको उज्यालोको भरमा छन्। पाँच सयभन्दा बढी जनसङ्ख्या रहेको यस क्षेत्रका नागरिकले मोबाइल फोन बोके पनि चार्ज गर्न भने गाउँपालिको केन्द्र आसपासको गाउँमा आउनुपर्छ। यहाँ आउनका लागि पैदल दुई दिन जति लाग्छ। गाउँपालिकाका अधिकांश नागरिक पशुपालनमा आवद्ध रहेको हुँदा बर्खाको पाँच महिना गुर्जाघाटमा जान्छन्। तमानखोलाका दुई सयभन्दा बढी घर परिवार जेठ महिनादेखिनै घुर्जाघाट उक्लिन सुरु गर्छन्।

बर्खाभरी लेक (घुर्जघाट)मा बसेर असोज/कात्तिक तिर मात्रै बेसी (गाउँ) झर्छन्। असोज लागेपछि चिसो सुरु हुने हुँदा बेसी झर्ने उनीहरुको परम्परा जस्तो बनेको छ। तर पाँच घर परिवार भने स्थायी रुपमा गुर्जाघाटमा बस्छन्। गुर्जाको भेगमा मात्र २५ हजारभन्दा बढी भेडापालन हुँदै आएको छ। स्थानीयले गाईभैसीं पनि पाल्छन्। स्थानीय र गोठालालाई मात्र होइन पछिल्लो समय ढोरपाटन हुँदै त्यहाँ पुग्ने पर्यटकलाई समेत मोबाइल फोन चार्ज गर्न समस्या थियो। गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको बजेटबाट चार वटा सोलर प्यानल जडान गरेर एक साथ १५ वटा मोबाइल फोन चार्ज गर्ने मिल्ने व्यवस्था मिलाएको तमानखोला गाउँपालिका अध्यक्ष जोकलाल बुढा मगरले बताउनुभयो। गाउँपालिकाले करिब रु दुई लाख लागतमा गत साता सोलार प्यानल जडान गरेको उहाँको भनाइ छ। अध्यक्ष बुढा मगरले भन्नुभयो, "घुर्जाघाटमा धेरै वर्ष अगाडिदेखि तमानखोलाका नागरिकहरु बस्दै आएका छन्, खासगरी बर्खाको बर्खामा सयौँ मानिसहरु यहाँ बस्ने र परिवारसँग टाढा हुँदा टेलिफोन गर्नेका लागि समस्या थियो, विद्युत् पुऱ्याउन निकै गाह्रो छ, त्यसले गर्दा यस वर्ष गाउँपालिकाले मोबाइल चार्ज गर्नका लागि सोलार प्यानलबाट भए पनि चार्जिङ स्टेसन राखेका छौँ, यसबाट हाम्रा नागरिक मात्रै नभई घुम्न आउने पर्यटकलाई समेत सहज हुने अपेक्षा लिएका छौँ।" ढोरपाटन शिकार आरक्ष र म्याग्दीको धौलागिरी गाउँपालिकासँग सिमाना जोडिएको गुर्जाघाटमा नेपाली सेनाको क्याम्पसमेत छ। स्थानीयले कतिपय अवस्थामा सेनाको क्याम्पमा पुगेर मोबाइल फोन चार्ज गर्नुपर्ने अवस्था थियो। आफू पनि भेडापालक किसान रहेको हुँदा गुर्जाघाटमा बस्ने सञ्चारबाट टाढा हुनु परेको भन्दै सोलार प्यानलबाट मोबाइल चर्जा गर्न मिल्ने भएपछि सहज भएको गाउँपालिकाका कार्यपालिका सदस्य ढालेन्द्र छन्त्यालले बताउनुभयो। गाउँपालिकाले जुर्गाघाटमा स्थायी रुपमा बसोबास गर्दै आएका लोकबहादुर छन्त्यालको घरमा सोलर प्यानल जडान गरेको हो। यसको रेखदेख र संरक्षणको जिम्मा समेत लोकबहादुरलाई दिइएको छ।

# संकल्प सहकारीमा सावित्री बरालको नेतृत्व

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असोज



संकल्प बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्षमा सवित्री बराल सिग्देल निर्वाचित भएकी छन्। संस्थाको १६ औं वार्षिक साधारण सभा एवं छैटौं अधिवेशनले सिग्देलको नेतृत्वमा ९ सदस्य कार्यसमिति सर्वसम्मतले निर्वाचित गरेको हो।

कार्यसमितिको उपाध्यक्षमा मुकुन्दराज पौडेल, सचिव मधु अधिकारी, कोषाध्यक्ष हरिप्रसाद बराल, सहसचिव मिना बराल आचार्य निर्वाचित भए। त्यस्तै कार्यसमिति सदस्यमा रामचन्द्र बराल, कल्पना शर्मा, पुष्पराज बराल र मेघनाथ गिरी रहेका छन्। साथै लेखा सुपरिवेक्षण समिति संयोजकमा सूर्य प्रसाद बराल सहित सदस्यमा दुर्गाराज बराल र रामनाथ पौडेल निर्वाचत भए। संस्थाका सल्लाहाकार विश्वेश्वर पराजुली संयोजक, सदस्यहरु लोकमाया बराल र उदयराज अधिकारीको ३ सदसिय निर्वातन समितिले निर्वाचन प्रक्रिया मार्फत निर्विरोध निर्वाचित भएको घोषणा गरेको हो। यस अघि सभाको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष राममोहन आचार्यले सहकारीका ७ सिद्धान्तबाट विचलित नभई अगाडि बढेकाले नै संकल्प सहकारी आफूलाई जोखिमरहित राख्न सकेको बताए। उनले वितिय संस्था संग सहकार्य गर्न वडा सधै तयार रहेको बताए। शेयर सदस्यहरुले सहकारीबाटै कारोबार गरेर संस्थालाई मजवुत बनाउन लाग्नुपर्ने उनले सुझाव दिए। कार्यक्रममा संस्थाका सल्लाहाकार एवम् संस्थापक अध्यक्ष विष्णुहरि बराल, नि.अध्यक्ष सरोज नारायण बराल लगाएतले शुभकामना दिए।

सभामा बचत तथा ऋणतर्फ उत्कृष्ट कारोबार गर्ने अम्बिका सापकोटा र पवित्रा पौडेल एवम् संस्थामा लामो समय लेखासमितिमा रहेका कार्य गर्नु भएको सूर्यनाथ भट्टराईलाई सम्मान गरिएको थियो। संस्थाको कोषाध्यक्षको प्रतिवेदन हरिप्रसाद बराल र लेखा समितिको प्रतिवेदन सूर्यनाथ भट्टराईले प्रस्तुत गरे। संस्थाका अध्यक्ष पीताम्बर बरालको अध्यक्षतामा सम्पन्न सभामा स्वागत उपाध्यक्ष सावित्री बराल, र संचालन सचिव नरेशप्रसाद बरालले गरेका थिए। संस्थामा हाल ८७ महिला र १३७ जना पुरुष गरि कुल २२४ शेयर सदस्य रहेका छन्। संस्थाको कुल शेयर पुँजी २ करोड ८ लाख ६२ हजार ६ सय कायम रहेको छ।

# म्याग्दीको सिंगामा उत्पादित दूध पोखरामा

**पोखरापत्र संवाददाता**
बेनी, २२ असोज

म्याग्दीको बेनी नगरपालिका-४ सिंगामा उत्पादन भएको दूध पोखरामा पठाउन हुन थालिएको छ।

गाउँमा उत्पादन भएको दूध स्थानीय बजारमा खपत हुन नसकेपछि बास्कुना कृषि सहकारीले दूध सङ्कलन गरेर पोखराको सुजल डेरी उद्योगलाई बिक्री गर्न थालेको हो। वडा कार्यालयको पहलमा कृषि सहकारी र सुजल डेरी प्रालिबीचमा दूध उत्पादन तथा खरिदबिक्रीको सम्झौता गरी म्याग्दीबाट पहिलोपटक व्यावसायिक रुपमा दूध पोखरा पठाउन सुरु गरिएको सहकारीका अध्यक्ष तिलक गुरुङले जानकारी दिनुभयो। म्याग्दीको स्थानीय बजारमा गाईको दूध खपत नहुने भएपछि सहकारीले कृषकहरूबाट दूध सङ्कलन गर्ने र उद्योगले आफैँ आएर दूध खरिद गरेर लैजाने व्यवस्था मिलाइएको अगुवा कृषक समेत रहनुभएका सहकारीका अध्यक्ष गुरुङले बताउनुभयो। "अहिलेसम्म भैँसीको दूध मात्रै बेनीमा खपत हुने गरेको थियो, अब गाई र भैँसीको दूध नै बिक्री हुने सुनिश्चित भएको छ, कृषकले जति उत्पादन गरे पनि उद्योगले दूध खरिद गर्ने सम्झौता भएको छ", उहाँले भन्नुभयो। बास्कुना कृषि सहकारी सस्थाले सिंगाको पुलचोकमा दुग्ध सङ्कलन तथा चिस्यान केन्द्र स्थापना गरेको छ। कृषकहरूले हरेक दिन केन्द्रमा दूध सङ्कलन गर्ने र ५०० लिटर बढी दूध सङ्कलन भएपछि उद्योगले आफैँ ढुवानी गरेर दूध लैजाने व्यवस्था मिलाइएको छ। मङ्गलबार पहिलो दिन ७५० लिटर दूध उद्योगले खरिद गरेर लगेको सहकारीले जनाएको छ। दुग्ध सङ्कलन केन्द्रमा अहिले २० जना कृषकहरूले दैनिक रुपमा दूध बिक्री गर्न ल्याउन सुरु गरेका छन्।

सुजल डेरी उद्योगको दूध ढुवानी गर्ने ट्याङ्कर अहिले दुई दिनमा एक पटक सिंगा आएर दूध ढुवानी गरी लैजान थालेको छ। मेसिनबाट दूधको गुणस्तर मापन गर्ने र गुणस्तरका आधारमा मूल्य पाउने गरी स्थानीयस्तरमा उत्पादन भएको दूधलाई पोखरा निर्यात गर्ने प्रबन्ध मिलाइएको बेनी नगरपालिका-४ का वडाध्यक्ष अणबहादुर खड्काले बताउनुभयो।

उहाँका अनुसार, कृषकलाई १५/१५ दिनमा दूधको रकम भक्तानी हुने सम्झौता गरिएको छ। "गाईको दूधले बजार पाउने अवस्था थिएन, कतिपय समुदायले उत्पादन गरेको दूध स्थानीय बजारमा खपत हुने अवस्था थिएन, अब यी सबै समस्याको समाधान भएको छ", वडा अध्यक्ष खड्काले भन्नुभयो। गाईको दूधले बजार पाउने सुनिश्चित भएपछि सिंगामा गाईपालनको लहर चलेको छ। सिंगामा यसअघि शुभकामना कृषि सहकारी संस्थाले कृषकहरूको दूध सङ्कलन गरेर बेनी बजारमा बजारीकरण गर्दै आएको छ।

# सबै स्थानीय तहमा आयुर्वेद केन्द्र पुग्यो

**रासस**
काठमाडौं, २२ असोज

सरकारले ७५३ वटै स्थानीय तहमा आयुर्वेद केन्द्र पुऱ्याएको छ। आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका निमित्त महानिर्देशक डा श्यामवाबु ठाकुरले मुलुकका सबै स्थानीय तहमा आयुर्वेद केन्द्र स्थापना गरिएको जानकारी दिनुभयो।

आयुर्वेद स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय नभएका स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्रका रुपमा आयुर्वेद औषधालय स्थापना गरिएको उहाँले बताउनुभयो। उक्त सेवा केन्द्रमा एक जना कविराज तहका आयुर्वेद जनशक्तिको व्यवस्था हुनेछ। हरेक पालिका तहमा रहेका ती आयुर्वेद केन्द्रबाट निःशुल्करुपमा आयुर्वेद औषधिका साथै उपचार सेवा पनि प्रदान गरिने छ। यस्तै आरोग्य केन्द्रहरूमा भने योग पनि सिकाइने डा ठाकुरले जानकारी दिनुभयो। 'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' भन्ने मुल नाराका साथ आयुर्वेद स्वास्थ्य केन्द्र नभएका स्थानीय तहमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको विभागले स्पष्ट गरेको छ। निमित्त महानिर्देशक डा ठाकुरका अनुसार यसअघि २३ वटा आयुर्वेदसम्बन्धी औषधि बिरामीलाई दिने गरेकामा अबदेखि ३५ प्रकारका अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराउन थालिएको छ। आयुर्वेद सेवा केन्द्रहरूबाट कब्जियत, मधुमेह, उच्चरक्तचापलगायतका रोगका औषधि निःशुल्क रुपमा प्रदान गरिने व्यवस्था मिलाइएको छ।

नेपालमा सबै प्रदेशमा प्रादेशिक आयुर्वेद चिकित्सालय र केन्द्रीय तहमा आयुर्वेद चिकित्सालय नरदेवी तथा आयुर्वेद शिक्षण अस्पताल कीर्तिपुरबाट सेवा प्रदान भइरहेको छ।

# बोलेरो जीप दुर्घटनामा चौध जना घाइते

**रासस**
बेनी, २२ भाद्र

म्याग्दीको बेनी नगरपालिका-९ घतान तुसारेपानीमा आज दिउँसो भएको बोलेरो जीप दुर्घटनामा चौध जना घाइते भएका छन्। जिल्लाको रघुगङ्गा गाउँपालिका-८ कुइने खानीबाट सदरमुकाम बेनीतर्फ आउँदै गरेको ग २ च ५९३० नम्बरको बोलेरो जीप दुर्घटनामा परेर घाइते भएकाहरूको प्रदेश अस्पताल बेनीमा उपचार भइरहेको छ।

घाइतेमध्ये कुइनेखानीका पूर्ण छन्त्याल, रीता छन्त्याल, नन्दा छन्त्याल र बिना छन्त्याललाई थप उपचारका लागि गण्डकी मेडिकल कलेज पोखरामा पठाइएको अस्पतालले जनाएको छ। ओरालो बाटोमा ब्रेक फेल भएर जीप दुर्घटनामा परेको प्रारम्भिक अनुसन्धानबाट खुलेको र जीपका चालक चन्द्र पुर्जालाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका सूचना अधिकारी प्रहरी निरीक्षक सागर पौडेलले जानकारी दिनुभयो। जीप सडकबाट करिब ११० मिटर तल बाँझो बारीमा खसेको थियो। दुर्घटनामा परेकाहरूको स्थानीयवासी, जनप्रतिनिधि र नगर प्रहरी र सुरक्षाकर्मीहरूले उद्धार गरी बेनी अस्पतालमा उपचारका लागि पुर्याइएको थियो।

# निर्वाचनसम्बन्धी छलफलका लागि राजनीतिक दललाई आयोगद्वारा पत्राचार

**रासस**
काठमाडौं, २२ असोज

निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनसम्बन्धी छलफलका लागि यही असोज ३० गते राजनीतिक दललाई बोलाएको छ।

आयोगले विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने तथा गत निर्वाचनमा कम्तीमा एक वडा सदस्यसम्म विजय हासिल गर्ने राजनीतिक दललाई आसन्न निर्वाचनको तयारीबारे छलफलमा आउन पत्राचार गरेको आयोगका आयुक्त डा जानकीकुमारी तुलाधरले जानकारी दिनुभयो। आयोगले नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतका दललाई पत्राचार गरेको जनाएको छ।

आयोगले यही असोज २० गते निर्वाचन कार्यतालिका सार्वजनिक गरे पनि त्यो आयोगको आन्तरिक कामको योजनाका लागि भएकाले निर्वाचन कार्यक्रमलगायत विषयमा राजनीतिक दलको छलफलपछि निर्णय लिइने आयुक्त डा तुलाधरले बताउनुभयो।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## सार्वजनिक सूचना

पर्वत जिल्ला जलजला गाउँपालिका, वडा नं ०६ (साविक सालिजा गा.वि.स., वडा नं ४) स्थायी ठेगाना भएका गंगाधर सुवेदीको नाममा पोखरा महानगरपालिका, वडा नं-३० (साविक शिशुवा गा.वि.स., वडा नं. ०९) को ढुंगेपाटन टोलको कि.नं. ६४५५ मा निर्माण हुने घरको नक्सा पास गर्नका लागि पूर्व तर्फ कि. नं. ६४५८, पश्चिम तर्फ कि.नं. ६४५९, उत्तर तर्फ बाटो र दक्षिण तर्फ कि.नं.१२८३ को साँधसंधियार फेला नपरेकाले कोहि कसैलाई असुविधा पर्ने भए यो सूचना प्रकाशन भएको मितिले सात दिनभित्र वडा कार्यालय ३० मा लिखित निवेदन दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

HIMALAYAN LIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन न. ५९७००५७, पो.ब.न. २५९७९

**हकदाती सम्बन्धि सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | Gli 0010083 | कृष्ण कुमारी कुइकेल | मादी-५,कास्की |
| २ | Gli 0010082 | सृजना कुइकेल | मादी-५,कास्की |

# छिम्केश्वरी मन्दिरको सौन्दर्यकरण

**रासस**
दमौली, २२ असोज

तनहुँको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरी माई मन्दिरको सौन्दर्यकरण गरिएको छ। आँबुखैरेनी गाउँपालिका-५ स्थित छिम्केश्वरीमा रहेको छिम्केश्वरी माईलाई धार्मिक पर्यटकीय स्थल बनाउन पालिकाले यसको सौन्दर्यकरण गरिएको हो । छिम्केश्वरी समुन्द्र उचाइबाट दुई हजार एक सय ३४ मिटर उचाइमा अवस्थित छ।



मन्दिरको पुनर्निर्माण अभियानअन्तर्गत दर्शनका लागि भक्तजन तथा पर्यटकको विश्रामका लागि नेपाली कला संस्कृति झल्किने पौवा पाटी (फाल्चा) निर्माण गरिएको वडाध्यक्ष सन्तोष गुरुङले जानकारी दिनुभयो।

त्यस्तै मन्दिरभित्र पित्तलको चदुँवा तथा पाताहरु लगाउने, बाहिर पेटी तथा सिँढीहरुमा तेरिया इट्टा लगाउने, आँगन परिसरमा ढुङ्गाहरु छाप्ने काम गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "मन्दिरलाई आकर्षक बनाएर पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित काम गरिएको छ।" गाउँपालिकाले छिम्केश्वरी माई मन्दिर नजिकै रहेको बूढीमाईको मन्दिर पनि पुनर्निर्माण गर्ने लक्ष्य राखेको छ। सात देवीमध्ये जेठी बुढीमाईको मन्दिर काठैकाठले पुनर्निर्माण गर्ने लक्ष्य राखिएको छ । गोरखा मनकामनाकी दिदीका रुपमा पुजिँदै आएकी छिम्केश्वरीमाई मन्दिरमा पूजाआजा गरेपछि मनले चिताएको इच्छा पूरा हुने धार्मिक विश्वास रहँदै आएको बताइन्छ। सात देवीमध्ये जेठी बूढीदेवीमाई र माइली छिम्केश्वरीमाई छिम्केश्वरीलेकमै अवस्थित छन् भने साइली गोरख कालीमाई, काइली मनकामनामाई, अन्तरी इच्छाकामनामाई, जन्तरी अन्नपूर्णामाई र कान्छी अकलामाईलाई सोही स्थलबाट दृश्यावलोकनसहित दर्शन गर्न सकिन्छ । छिम्केश्वरीबाट धौलागिरी, अन्नपूर्ण, लमजुङ, मनास्लु, माछापुच्छ्रेलगायतका हिमाल आँखै अगाडि हेर्न सकिन्छ । महाभारत शृङ्खलाको सबैभन्दा अग्लो स्थानमा रहेको छिम्केश्वरीलाई धार्मिक पर्यटनको केन्द्रविन्दु बनाउने गाउँपालिकाको लक्ष्य छ। धार्मिक पर्यटन केन्द्र बनाउनका लागि यस ठाउँलाई प्राथमिकताका साथ बजेट विनियोजन गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताउनुभयो।

छिम्केश्वरीमा हाल वार्षिक करिबएकलाखपर्यटकआउनेगरेका छन् । विशेषगरी यहाँ फागुपूर्णिमा, वैशाख १ गतेलगायतका बेला यहाँ पर्यटकको ठूलो भीड लाग्ने गरेको छ । त्यसका अलवा दैनिक रुपमा पनि यहाँ पर्यटकको आगमन बढिरहेको छिम्केश्वरी पर्यटन विकास समितिका अध्यक्ष कृष्णमान तामाङले बताउनुभयो।

छिम्केश्वरी मन्दिर पुग्नका लागि गण्डकी प्रदेश सरकारको सहयोगमा पैदलमार्ग र रेलिङ निर्माण गरिएको छ। आर्थिक वर्ष २०७५/७६ मा रु ४१ लाख ६३ हजार सात सय ६ को लागतमा ४८६ मिटर ढुङ्गाको सिँढी निर्माण सम्पन्न भएको छ भने आव २०७६/७७ मा रु ३५ लाख ९९ हजार एक सय ४१ को लागतमा तीन सय पाँच मिटर ढुङ्गाको सिँढी र रेलिङ निर्माण सम्पन्न भइसकेको छ।

# एक दशकमा पनि पूरा भएन १३ किलोमिटर सडक

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ असोज

निसीखोला गाउँपालिका-६ पातिहाल्नेदेखि पूर्वी रुकुमको भूमे गाउँपालिका-१ रुपगासम्मको १३ किलोमिटर सडक एक दशकमा पनि पूरा नहुँदा यो बाटोको यात्रा कष्टकर बनेको छ।



निर्माण व्यवसायीको लापरबाहीका कारण निर्धारित समयमा काम पूरा नभएको हो । विसं २०७३ जेठ १३ भित्रमा कालोपत्र गरीसक्ने सम्झौता भएकामा हालसम्म ७० प्रतिशत मात्र काम भएको दैलेखस्थित मध्यपहाडी लोकमार्ग कार्यालयका सूचना अधिकारी नवीन खराललेे बताउनुभयो।

लोकमार्ग अन्तर्गतको उक्त खण्ड कालोपत्र गर्न रु ४२ करोड ९९ लाख चार हजारमा सम्झौता भएको हो । पटकपटक म्याद थपेर सम्झौताअनुसारको काम पूरा गर्न निर्माण कम्पनीलाई निर्देशन दिइएको उहाँले बताउनुभयो । "मध्यपहाडी लोकमार्गमा धेरै सवारी साधान चल्न थालेका छन्, दैनिक सयौँ यात्रु यही मार्गबाट यात्रा गर्छन्, पातिहाल्नेदेखि रुपगासम्म कालोपत्र गर्न सबै तयारी भएको थियो, तर लामो समयदेखि निर्माण कम्पनी नआउँदा बनेका संरचना पनि भत्किएका छन्", सूचना अधिकारी खरालले भन्नुभयो।

# मुख्य पर्यटकीय याममै अन्नपूर्ण क्षेत्रमा पर्यटकको सङ्ख्या घट्यो

**पोखरापत्र संवाददाता**
गण्डकी, २२ असोज

अन्नपूर्ण संरक्षण क्षेत्रमा गत सेप्टेम्बरमा १९ हजार ३८६ विदेशी पर्यटक भित्रिए। जुन गत वर्षको सोही अवधिको तुलनामा तीन हजार सात सय दुईले कम हो।



सेप्टेम्बर-अक्टोबर मुख्य पर्यटकीय याम भए पनि यहीबेला पर्यटक आगमन घटेको छ। पर्यटकीय याम सुरू हुनै लाग्दा भएको 'जेनजी' प्रदर्शन, प्रतिकूल मौसम आदि कारणले पर्यटक आगमन घटेको हो । सेप्टेम्बरमा एसियाली मुलुकका आठ हजार ५४२ र अन्य देशका १० हजार ८४४ पर्यटक आएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका प्रमुख डा रवीन कडरियाले जानकारी दिनुभयो । "मुख्य पर्यटकीय याम सुरु भइरहेका बेला जेनजी प्रदर्शनले पनि असर गर्‍यो, कतिपय विदेशी पर्यटकले यात्रा रद्द गरे", उहाँले भन्नुभयो, "मुक्तिनाथलगायत क्षेत्रको भ्रमणमा आउने भारतीय पर्यटकको सङ्ख्या पनि घटेको छ ।" अन्नपूर्ण क्षेत्रका सबै गन्तव्यस्थल शान्त र सुरक्षित रहेकाले ढुक्क भएर घुम्न आउन उहाँले आग्रह गर्नुभयो। नेपालीका ठूला चाडपर्वहरू भएकाले आन्तरिक पर्यटक पनि घुमफिरमा निस्कने उपयुक्त समय यही हो।

नेपाल सुरक्षित गन्तव्य रहेको सन्देश विश्वमाझ दिएर पर्यटक आगमनलाई नियमित लयमा फर्काउन सरकार र सम्बद्ध सबै पक्ष लाग्नुपर्ने आयोजना प्रमुख डा कडरियाले बताउनुभयो। अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ स्थित पर्यटकीय गन्तव्यस्थल पुनहिल प्रवेश टिकट कक्षका अमृत पुनका अनुसार बुधबार झण्डै २०० विदेशी पर्यटकले घोरपानी-पुनहिल क्षेत्रको भ्रमण गरेका छन्।

दुई/तीन दिनदेखि पर्यटक आगमन केही बढे पनि अघिल्ला वर्षको तुलनामा घटेको उहाँले बताउनुभयो । "यो याममा दिनमा ४०० सम्म विदेशी पर्यटक आउँथे, अहिले घटे", पुनले भन्नुभयो, "विदेशी पर्यटकसँगै आन्तरिक पर्यटक पनि घटेका छन् ।" घोरपानीका होटल व्यवसायी डमबहादुर पुनले आफ्नो होटलमा आउन लागेका पर्यटकका २७ वटा समूहले 'बुकिङ' रद्द गरेको बताउनुभयो । सात हजार ६०० वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सम्भयता, संस्कृति आदि कारणले आन्तरिक तथा बाह्यक पर्यटकको रोजाइमा पर्ने गरेको छ।


## सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने अत्यन्त जरुरी सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/०६/२३ (पोखरापत्र राष्ट्रिय दैनिक)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा मिति २०८२/०४/०५ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्वन्धी ३५ (पैतिस) दिने, मिति २०८२/०५/१० गते १५ (पन्ध्र)दिने सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउदा समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुन : तेस्रो पटक ऋण चुक्ता गर्ने सम्वन्धी ७(सात) दिने यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारबाहि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| २. | **नाम : विष्णुमाया वि.क.**<br>जन्म मिति : २०१८/०४/२५<br>ना.प्र.नं. : १४४२४२<br>जारी मितिः : २०६०/१०/१३<br>बाबु : टेक बहादुर विश्वकर्मा<br>पति : बाबुराम विश्वकर्मा<br>ससुरा : भिम बहादुर वि.क.<br>ठेगाना : पोखरा-१३<br>हाल : पोखरा-१३<br>सम्पर्क नं : ९८०६६८१७९९ |  | **नाम : आरती वि.क.**<br>जन्म मिति : २०४६/१०/१४<br>ना.प्र.नं. : ४६१००६/१७७३<br>जारी मिति : २०६८/०५/२७<br>बुबा : बाबुराम विश्वकर्मा<br>पति : जयराम वि.क.<br>ससुरा : धनराज कामी<br>ठेगाना : पुम्दीभुम्दी-७<br>हाल : पोखरा-२२<br>सम्पर्क नं : ९८१९१५४८८०<br>**नाम : सन्दीप सुनार**<br>जन्म मिति : २०५४/१०/१४<br>ना.प्र.नं. : ५०-०१-७२००७६९<br>जारी मितिः : २०७२/०२/२१<br>बाबु : राजु वि.क.<br>बाजे/ससुरा : टेक बहादुर सुनार<br>ठेगाना : बाग्लुङ-११<br>**नाम : अशोक वि.क.**<br>जन्म मिति : २०३९/१९/१२<br>ना.प्र.नं. : १४४३१५<br>जारी मितिः : २०६०/१०/१५<br>बाबु : बाबुराम विश्वकर्मा<br>बाजे/ससुरा : भिम बहादुर वि.क.<br>ठेगाना : पोखरा-१३<br>सम्पर्क नं : ९८०६६८३०५५ |  |
| **धितो विवरण**: कास्की जिल्ला पोखरा म.न.पा वडा नं. -१३ कित्ता नं. ७२ क्षेत्रफल १०१ वर्गमिटर। | | | | |
| ३. | सदस्यता न : २०९५<br>**नाम : चिनुमाया राना**<br>जन्म मिति : २०३८।११।१४<br>ना.प्र.नं. : ४६१००१२३५१<br>जारी मितिः : २०६४।०९।०४<br>बाबु : भुबन बहादुर खवास<br>पति : सुमन राना<br>बाजे/ससुरा : गगन सिंह<br>ठेगाना : पोखरा १६ कास्की<br>हाल : पोखरा १६ कास्की<br>सम्पर्क नं : ९८४५५३३८३४ |  | **नाम : अप्सरा राना**<br>जन्म मिति : २०५८।०१।०९<br>ना.प्र.नं. : ४६०१७५०२८६८<br>जारी मितिः : २०७५।०४।०२<br>बाबु। पत्नी : सुमन राना<br>बाजे/ससुरा : गगन सिंह<br>ठेगाना : पोखरा १६ कास्की<br>हाल : पोखरा १६ कास्की<br>सम्पर्क नं : ९८४६६०१३८४<br>**नाम : शोभा रेग्मी**<br>जन्म मिति : २०३९।०२।१२<br>ना.प्र.नं. : ११६२७६<br>जारी मितिः : २०५८।०३।२१<br>बाबु : शम्भु श्रेष्ठ<br>पति : सर्बजित रेग्मी<br>बाजे/ससुरा : बसन्तराज रेग्मी<br>ठेगाना : पोखरा १६ कास्की<br>हाल : पोखरा १६ कास्की<br>सम्पर्क नं : ९८२४११९७६५ | <br> |
| **धितो विवरण**: चिनुमाया राना र अप्सरा रानाको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको पोखरा १६ कास्की कि. न.२५९ क्षेत्रफल १०८.७० वर्गमिटर। | | | | |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**



## निक्षेपउपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०८२ /०६ /२३)

श्री लाल सिङ गुरुङको नाति नातिनी बुहारी श्री टेक बहादुर गुरुङको छोरा छोरी पत्नी स्याङ्जा जिल्ला, फेदिखोला गा.वि.स/न.पा/उ.म.न.पा.म.न.पा. वडा न ०७ स्थायी ठेगाना भई कास्की जिल्ला पोखरा गा.पा./न.पा/उ.म.न.पा. म.न.पा वडा नं. १७ बस्ने ना.प्र.नं. ९५, (स्याङ्जा) भएको श्री कर्ण बहादुर गुरुङको नाममा यस विकास बैंकको सभागृहचोक शाखा कार्यालयमा चल्ती बचत मुद्दती खाता नं. ००४०१९००६९३७५२००००००१ रहेकोमा निजको मिति २०८२-०२-३० मा मृत्यु भएको र निज मृतक कर्ण बहादुर गुरुङको नाममा यस विकास बैंकमा रहेको माथि उल्लेखित खाताको रकम भुक्तानीको माग गर्दै कास्की जिल्ला पोखरा गा.पा. न.पा उ.म.न.पा म.न.पा वडा नं. १७, विरौटा बस्ने मृतक कर्ण बहादुर गुरुङका श्रीमती नाता पर्ने श्री बेल कमारी गुरुङले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता न. १९९१०१२१००१२८-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री वेल कुमारी गुरुङलाई उल्लेखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था